*राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभाबकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

२०७९ चैत्र २७ गते, राप्तीसोनारी गाउँपालिका अघैया, बाँके

## कार्यक्रम प्रगति-प्रतिबेदन




पालिकाको सार्वजनिक सुनुवाईको एक झलक ।

**आयोजक**

राप्तीसोनारी गाउँपालिका, बाँके

**सहजिकरण**

बास नेपाल

*राप्तीसोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक*

# सार्वजनिक सुनुवाई

## २०७९ चैत्र २७ गते, अघैया, बाँके

## कार्यक्रम प्रतिवेदन

### १. सहजिकरण गर्ने संस्थाको परिचय :–

बास नेपाल बिगत २२ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल राष्ट्रिय गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७७ जिल्ला शाखा, २० उपशाखा, ८० ईकाई र ५ हजार बढि युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालको आबद्ध संस्था हो ।

### २. कार्यक्रमको पृष्ठभुमि :–

राज्य संचालनको गुणस्तरियताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ । लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेहि भएर उनीहरुको चित्त बुझाउनु पर्दछ । सार्वजनिक निकायमा बस्नेहरुले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन् । त्यसैले राज्य संयन्त्रबाट दिइने सेवा, सुविधा र बस्तुको गुणस्तरका वारेमा सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका ब्यक्तिहरुको जवाफदेहिता अन्तर्गत पर्दछ । यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार ब्यक्ति र सेवाग्राहि नागरिकका विच गरिने सार्वजनिक सुनुवाइका माध्यामबाट खोज्न सकिन्छ । यसरी संचालन गरिने सार्वजाीक सुनुवाइबाट सार्वजनिक निकायहरुलाई उनिहरुले गरेको कामको पृष्टपोषणपनि हुन्छ । अनि सरकारी निकाय र नागरिकको विचमा रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहिप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ । त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधीका वारेमा नागरिकहरुले गुणर दोषका आधारमा मुल्यांकन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुका नागरिकको अधिकार पनि हो । सर्वसाधारण नागरिक र अधिकारमा बसेका ब्यक्तिहरुका  बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकि प्रश्नेत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भनिन्छ । यसले स्थानीय नागरिकहरुमा विकास योजना प्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शिताको अभ्यास गर्दछ । आफ्नो कार्यालयले वर्ष भरीमा सञ्चालन गरेका गतिविधिको प्रभावकारीताका लागि अनिवार्य सार्वजनिक सुनुवाई गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानिय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि -२०६८ समेत लागु भएको छ । नेपालमा सार्वजनिक सुनुवाईको अवधारणा-२०५० साल पौष १३ गते देखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ । पांच बर्ष सम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अबधारणालाई नागरिकका विच लोकप्रिय बनाएको थियो ।

सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका ब्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ । त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरु सम्म पनि भन्ने गरिन्छ । सार्वजनिक सुनुवाईको प्रभावकारितालाई ध्यानमा राखेर पहिलो पटक नेपाल सरकारले-२०६२ सालमा सार्वजनिक सुनुवाई सम्बन्धि निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाईन्छ ।

सुनुवाईमा पछाडिपरेका, दलित, अल्पसंख्य,अपाङ्ग सर्वसाधारण नागरिकहरुको उपस्थिती उल्लेखनीय हुनु पर्दछ । हाल सार्वजनिक सुनुवाइलाई बिभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले अबलम्बन गरेर आफ्ना कार्यक्रम बनाएर सञ्चालन गरी रहेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ मा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको लागि सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राब्धान गरेको छ । सुशासन ऐन-२०६४ को दफा ३० मा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था गरी कानूनी व्यवस्था गरिएको छ । त्यसैगरी सुशासन नियमावली-२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार संचालन कार्यबिधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ । पछिल्लो समयमा आएर स्थानीय तहहरुले यो संयन्त्रलाई आत्मसात गरी सार्वजनिक सुनुवाई सञ्चालन गदै आएका छन् । सोहि कुरालाई मध्येनजर गर्दै राप्तीसोनारी गाउँपालीकाको आयोजना र बास नेपालको सहजिकरणमा राप्तीसोनारी गाउँपालीकाको आर्थिक वर्ष २०७९/०८० को दोश्रो सार्वजनिक सुनुवाई चैत्र २७ गते सम्पन्न भएको छ । सुनुवाईमा गाउँपालिकाले संचालन गरेका विकास निमार्णका गतिविधि र कार्यालयबाट प्रबाह गरिएका सेवाको प्रभावकारिताबारे खुला छलफलका लागि राप्तीसोनारी गाउँपालिका कार्यालयको परिसरमा १८५ बढी स्थानीयहरुको सहभागीतामा ***राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा, सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई कार्यक्रम*** सम्पन्न भएको छ ।

**३. कार्यक्रमका उद्धेश्यहरु :**

- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाका बारेमा नागरिकहरुलाई जानकारी गराउने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाका बारेमा छलफल/बहस गर्ने ।
- गाउँपालिकासँग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने तथा पृष्ठपोषण लिने ।
- पालिकाका गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**४. सार्वर्जजनिक सुनुवाई संचालनका क्रममा अवलम्बन गरिएका विधिहरु :**

राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता बिषयक सार्वजनिक सुनुवाई गर्नु पूर्व निम्न बिधिहरु अवलम्बन गरिएको थियो :

*क. सहजकर्ताको छनौट तथा सम्झौता :*

राप्तीसोनारी गाउँपालिकाले नियमित रुपमा गर्दै आएको सार्वजनिक सुनुवाईलाई निरन्तरता दिदै यस आ.व. २०७९/०८० मा समेत तिन पटक सार्वजनिक सुनुवाई गर्ने गरी तयारी गरेको छ । विगतका बर्षहरुमा समेत

सुनुवाई सहजिकरणको जिम्मेवारी सम्हाल्दै आएको बास नेपाललाई गाउँपालिकाले सहजिकरणका लागि छनौट गरेको थियो । संस्था छनौट गरे पश्चान सुनुवाई सञ्चालनका लागि बास र गाउँपालिका बिच सम्झौता भएको थियो ।

*ख. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन :*

सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्व आयोजक संस्थाका प्रतिनीधि र सहजिकरणको जिम्मा पाएको संस्था बिच स्थानीय सरकार संचालन ऐन २०७४, सुशासन ऐन २०६४ तथा नियमावली, २०६५, स्थानीय निकाय सार्वजनिक सुनुवाइ सहजिकरण कार्यविधि, २०६७, लगायतका निर्देशिका र कार्यविधिहरुको विस्तृत अद्ययन गरिएको थियो ।

*ग. सार्वजनिक सुनुवाइको लागि सूचना तथा प्रचार प्रसार र पत्राचार :*

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने विषयमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यापक सूचना प्रबाह र प्रचार प्रसारकालागि गाउँपालिकामा सबैलाई सार्बजनिक सुचना एक हप्ता अगाडी देखि गरिएको थियो । आम नागरिकहरुको व्यापक सहभागिताका लागि कार्यक्रम हुनुअगाबै सार्वजनिक सूचना प्रकाशन, पम्प्लेट टाँस, निमन्त्रणा पत्र बितरण माईकिंग तथा पत्राचार गरिएको थियो । बिशेष गरि गाउँपालिका, वडा कार्यालय र स्वयंमसेवकहरु मार्फत सबै वडाका स्थानीय नागरिकहरुलाई सुनुवाईमा आमन्त्रण गरिएको थियो ।

*घ. मिति, समय र स्थान निर्धारण :*

गाउँपालिका र बास बिच छलफल पश्चात गाउँपालिका कार्यालयको परिसरमा खुल्ला रुपमा २०७९ चैत्र २७ गते दिउसो १ बजे देखि कार्यक्रम गर्ने समय निर्धारण गरिएको थियो ।

*ङ. नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत संकलन :*

राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको बिषयमा ५० जना सेवाग्राहीहरुबाट नागरिक प्रतिबेदन पत्र तथा ५० जना सेवाग्राहीहरुबाट बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

*च. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन*

७ बुदें साझाँ सार्वजनिक प्रतिबद्धताको घोषणा गर्दै राप्ती सोनारी गाँउपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम चैत्र २७ गते सम्पन्न भएको छ ।

राप्ती सोनारी गाँउपालिकाको आयोजना तथा बास नेपालको सहजिकरणमा राप्ती सोनारी गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रभावकारिता बिषयमा सार्वजनिक सुनुवाईमा गरिएका सझाँ प्रतिबद्धताहरुमा पालिका भित्र आम नागरिकहरुको सहभागिता रहने कार्यक्रमहरुमा अनिवार्य सबै जनप्रतिनिहरु उपस्थित हुने, गाँउपालिका भित्र रहेका खोला नदिबाट अवैध रुपमा अनुमति बिना नदिजन्य पदार्थ चोरी निकासी भईरहेको भन्ने गुनासो आएकाले सो नियन्त्रणका लागि सम्बन्धीत निकायसँग समन्वय गर्ने, सम्पूर्ण प्रक्रिया पुरा भई पेश भएका फाईलहरु विना झन्झट छिटो छरीतो रुपमा फच्यौट गर्ने, विभिन्न समयमा कृषि बालिमा भएको नोक्सानीको क्षती पूर्ती बापतको रकम हाल सम्म समेत कृषकहरुले नपाएको भन्ने गुनासो आएकाले रकम निकासाका लागि यथासक्य पहल गर्ने, वडा नम्बर ८ मा सञ्चालीत सर्पदंश केन्द्रको सेवा विस्तारका लागि आवश्यक पहल गर्ने, गाँउपालिका भित्र चल्ने सवारी साधनको साझा मापदण्ड कायम गर्न सवारी निर्देशिका तयार गरि कार्यान्वयन गर्ने प्रतिबद्धता गरिएको छ ।

स्थानीय गाँउपालिका बासि र सरोकारवालाहरु बिचमा झण्डै अढाई घण्टा भएको प्रश्नोत्तर प्रश्तात सेवा सुधारका लागि साझाँ प्रतिबद्धता गरिएको हो । सुनुवाईको शुरुवातमा राप्ती सोनारी गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत ओम प्रकाश देवकोटाले राप्ती सोनारी गाँउपालिकाले दोश्रो चौमासिकमा गरेका कार्यहरु र प्राप्त उपलब्धीहरुको बारेमा जानकारी गराएका थिए । एक दर्जन बढी सहभागिहरुले राखेका प्रश्न तथा जिज्ञासाको जवाफ सुनुवाईमा

जवाफदेहि बक्ताको रुपमा आसिन गाँउपालिका अध्यक्ष तप्त बहादुर पौडेल, उपाध्यक्ष मनिष सिहं थारु, प्रमुख प्रशासकिय अधिकृत ओम प्रकाश देवकोटा, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुले दिएका थिए । सुनुवाईका सहभागिहरुले पालिकाको सेवा सुधारका लागि पालिकालाई सुझाव समेत दिएका थिए ।

बासका केन्द्रीय उपाध्यक्ष शिब कुमार बर्माले सञ्चालन गरेको सुनुवाईमा स्वागत तथा कार्यक्रमको उद्धेश्यमाथि प्रकाश बासका निर्देशक हेमराज भट्टले गरेका थिए । सुनुवाईमा बासले गरेको नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमतको नतिजा घोषणा बासका कार्यक्रम अधिकृत रबिन्द्र बोहराले गरेका थिए । सुनुवाईमा १८५ बढी स्थानीयहरुको सहभागिता रहेको थियो ।

### *ज. सार्वजनिक सुनुवाइमा उठान भएका मुख्य सवालहरु :*

सार्वजनिक सुनुवाइमा शिक्षा, स्वास्थ्य, प्रशासनिक काम र विकास निर्माणका बिषयमा बढी प्रश्नहरु आएका थिए । सडक, पुलपुलेसा निर्माण, लक्षित वर्ग केन्द्रित कार्यक्रम, बिकास निर्माण, बिद्युतीय समस्या लगायतका दर्जनौं बिषयमा गाउँपालिकाबासिहरुले जिज्ञाशा, गुनासो तथा प्रश्न राखेका थिए । मुख्य सवाल तथा जवाफ अनुसुचीमा उल्लेख गरिएको छ ।

### *झ. प्रतिवद्धताहरुको सार्वजनिकिकरण :*

सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएपछि सार्वजनिक सुनुवाईमा उठेका सवाल वा बिषयहरु, सुनुवाईको क्रममा सोधिएका प्रश्न तथा जवाफहरु र सुधारको लागि ७ बुंदे साझा सार्वजनिक प्रतिबद्धताहरुको घोषणा गरिएको थियो । प्रतिबद्धताहरु घोषणा गर्दै सार्वजनिक सुनुवाई सम्पन्न भए पश्चात प्रतिबद्धता सहित उल्लेख गरिएको प्रेश बिज्ञप्ती प्रकाशन गरिएको थियो । जुन बिज्ञप्ती सबै सञ्चार माध्यमहरुमा सम्प्रेषण गरिएको थियो । सम्प्रेषित बिज्ञप्तीका आधारमा बिभिन्न सञ्चार माध्यमहरुमा समाचार उच्च प्राथमिकताका साथ प्रकाशन/प्रशारण भएको थियो । ७ बुँदे प्रतिवद्धताहरु प्रतिवेदनको अनुसुची  मा संलग्न गरीएकोछ ।

### ५. सार्वजनिक सुनुवामा सहभागिहरु उपस्थिती संख्या :

राप्तीसोनारी गाउँपालिकाको आयोजना र बास नेपालको सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सबै वडाबाट सेवाग्राही, वडा कार्यालयका पदाधिकारी, सदस्यहरु, बिभिन्न सञ्जालका प्रतिनिधि, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, शिक्षक, विद्यार्थी, बुद्धिजिबी, विभिन्न संघ, संस्थाका प्रतिनिधी लगायत विभिन्न विषयगत कार्यालयका गरि १८५ जनाको सहभागिता रहेको थियो ।

### ६. जवाफदेहि बक्ताहरु:

**सार्वजनिक सुनुवाई कार्यक्रममा तपसिल अनुसारका जबाफदेहि बक्ताहरुको अर्थपूर्ण सहभागिता रहेको थियो ।**

| क्र.स. | नाम | पद | निकाय |
|---|---|---|---|
| १. | तप्त बहादुर पौडेल | अध्यक्ष | राप्तीसोनारी गाउँपालिका |
| २. | मनिषा सिंह थारु | उपाध्यक्ष | राप्तीसोनारी गाउँपालिका |
| ३. | ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकिय अधिकृत | राप्तीसोनारी गाउँपालिका |
| ४. | यम बहादुर खड्का | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर १ |

| | | | |
|---|---|---|---|
| ५. | ज्ञानेन्द्र राज वली | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर २ |
| ६. | मिन कुमार चौधरी | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ३ |
| ७. | मिनराज खड्का | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ४ |
| ८. | झगरु थारु | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ५ |
| ९. | लबराज खरेल | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ६ |
| १०. | राम लखन थारु | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ७ |
| ११. | सालिक राम डांगी | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ८ |
| १२. | सोहन लाल थारु | वडा अध्यक्ष | राप्तीसोनारी गाउँपालिका वडा नम्बर ९ |
| १३. | कार्यपालिका सदस्यहरु | | राप्तीसोनारी गाउँपालिका |
| १४. | वडा अध्यक्षहरु | | राप्तीसोनारी गाउँपालिका |
| १५. | बिषयगत शाखा प्रमुखहरु | | राप्तीसोनारी गाउँपालिका |

## ७. सवल पक्षहरु

प्रभावकारी सेवा, सुविधा तथा गुणस्तरीय विकास कार्यक्रम, बिकास निर्माण, सरसफाई बारे खुला छलफल गरी नागरिकका गुनासा तथा रचनात्मक सुझाब राख्नका लागि राप्ती सोनारी गाउँपालिकाको आयोजना तथा बासको सहजिकरणमा सञ्चालन भएको सार्वजनिक सुनुवाई एक सफल कार्यक्रमको रुपमा स्थापित भएकोछ । यो कार्यकम सञ्चालनको क्रममा पाईएका केहि सवल पक्षहरु निम्नानुसार रहेका छन् ।

१. सार्वजनिक सुनुवाई कार्यक्रम सुशासन ऐन, नियमावली तथा *स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय* निकाय सार्वजनिक सुनुवाई कार्यबिधि-२०६७ मा भएको व्यवस्था अनुसार सम्पन्न भएको छ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा गाउँपालिकाको सेवा प्रबाहको अवस्था, मूख्य-मूख्य उपलब्धिहरु, नयाँ कार्यहरु र आगामी योजना बारे जानकारी गराउने काम भएको छ ।

३. सहभागिहरुले गुनासा, जिज्ञासा, सुझाब स्वस्फूर्त रुपमा धक फुकाएर अभिव्यक्त गरेका छन् ।

४. सार्वजनिक सुनुवाइको आचारसंहिता प्रस्तुत सहित अनुमोदन गरी कार्यक्रम संचालन गरिएको थियो ।

५. सहभागिहरुबाट उठान गरिएका सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ खोज्ने काम भएको थियो भने सहजकर्ताबाट थप प्रष्ट पार्नका लागि प्रभावकारी रुपमा सहजिकरण गरिएको थियो ।

६. कार्यक्रमको अन्तमा छलफल भएका विषयवस्तुहरुलाई संक्षेपीकृत गरी ७ बुँदे प्रतिवद्धता तयार र सार्वजनिकीकरण गरी जबाफदेहि बक्ताहरुलाइ हस्ताक्षर गराईएको थियो ।

७. सार्वजनिक सुनुवाई कार्यक्रमको प्रचार प्रसारका लागि सार्वजनिक सुचना, पत्राचार, निमन्त्रणा वितरण, पम्पलेट टाँस तथा माईकिङ्ग गरिएको थियो ।

८. कार्यक्रम व्यवस्थापनका लागि उचित कार्य बिभाजन गरिँदा कार्यक्रम प्रभावकारी भएको थियो ।

९. सुनुवाईमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरु, सल्लाहकार, शाखा प्रमुखहरुको उपस्थित हुनुले सुनुवाई प्रभावकारी भएको थियो ।

१०. सुनुवाईमा अल्प संख्य, सिमान्तकृत, तथा पछाडि परेका वर्गहरुको अर्थपुर्ण सहभागिता रहेको थियो ।

११. कार्यक्रम स्थल सबैकालागि पायक पर्ने स्थानमा भएकाले सहभागिताका लागि सहजता भएको थियो ।

१२. गाँउपालिकाको सार्वजनिक सुनुवाईमा पहिलो पटक करिब २८५ जना स्थानीय र सरोकारवालाहरुको सहभागिता रहेको ।

## ८. सुधारका लागि सुझाव

१. कार्यक्रम निकै प्रभावकारी भएको भएपनि थप प्रभावकारि बनाउनका लागी सम्पन्न सार्वजनिक सुनुवाईमा गरिएका प्रतिबद्धताहरु कार्यान्वयनमा ध्यान दिनु पर्ने देखिन्छ ।

## ९. कार्यक्रमका उपलव्धिहरु :

- गाउँपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको प्रभावकारीताका बिषयमा सरोकारवाला र सेवाग्राही बिचमा ब्यापन छलफल भएको छ ।
- गाउँपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्न साझाँ प्रतिबद्धता गर्ने र गराउने कार्य भएको छ ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा र सुबिधाको प्रभाबकारिताका बिषयमा गाँउपालिकाबासिहरुको तर्फबाट पृष्ठपोषण लिने काम भएकोछ ।
- अर्धबार्षिक गतिबिधिहरुको समिक्षा गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने काम भएको छ ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न ७ बुदें साझा प्रतिवद्धताको घोषणा गर्ने काम भएको छ ।

## अनुसुची १

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम र ठेगाना सहित प्रश्न, जिज्ञासा वा सुझाब के हो राख्नुपर्नेछ ।

४. सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदांगत रुपमा छोटकरीमा प्रश्न प्रतिक्रिया राख्नु पर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बिते पछि तत्काल प्रस्तुती रोक्नुपर्नेछ ।

५. आफू भन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुने छैन ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाईनेछ ।

७. सहभागीले बिना आधार कसै प्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाईने छैन ।

८. सुनुवाईका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाई राख्न वा बोल्न पाईने छैन ।

९. सुनुवाईलाई बिथोल्ने प्रयास कतैबाट भएको पाईएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधानखोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१०. सुनुवाईलाई विषयान्तर हुनबाट जोगाउन सबै सहभागि सचेत हुनु पर्नेछ ।

अनुसुची २

**सहभागिहरुको मुख्य प्रश्न, गुनासो, पीर मर्का तथा जवाफदेहि बक्ताहरुको जवाफ छोट्करीमा**

| क्र.स | प्रश्नकर्ताको नाम, थर र ठेगाना | प्रश्न, गुनासो, सुझाव | जवाफदेहि ब्यक्तिको नाम, थर र पद | छोट्करीमा जवाफ |
|---|---|---|---|---|
| १ | हेमन्त चौधरी<br>वडा नम्बर ३ | सार्वजनिक सुनुवाईमा सबै जनप्रतिनिधिहरु उपस्थिती छैनन किन ?<br><br>पालिकाका शाखाहरुमा फाईलहरु हराउने समस्या छ कसरी समाधान होला ?<br><br>पालिकामा खानेपानीको समस्या रहेको छ कसरी समाधान होला ? | तप्त बहादुर पौडेल<br>अध्यक्ष<br><br>ओम प्रशाद देवकोटा<br>प्रमुख प्रशसकिय अधिकृत | आगामी दिनमा सबै जनप्रतिनिधिहरुलाई सहभागि गराउने गरी समन्वय गर्ने छौ ।<br><br>यो निकै ठुलो समस्या हो आगामी दिनमा समस्या नआउने गरी कार्य गर्ने प्रतिबद्धता गर्दछौं ।<br><br>खानेपानी समस्या समाधानका लागि पहल गर्नेछौं । |
| २ | मनोज बौशी<br>वडा नम्बर १ | गाँउपालिकासँग खरिद कार्यविधि छ की छैन ? सामान खरीद गर्दा कुन प्रक्रियाबाट गर्ने गरिन्छ ? | ओम प्रशाद देवकोटा<br>प्रमुख प्रशसकिय अधिकृत | संघिय कार्यविधिमा रहेर खरिद गर्ने गर्दछौं । नियम भन्दा बाहिर रहेर गरिएको खरीद सामाग्री को फच्यौट हुदैन । |
| ३ | किरण केसी<br>वडा नम्बर ९ | वडाहरु र पालिकामा करार कर्मचारी नियुक्त गर्दा कसरी गर्ने गरिन्छ ? | ओम प्रशाद देवकोटा<br>प्रमुख प्रशसकिय अधिकृत | कर्मचारी पदपूर्ती सम्बन्धीको निर्देशिकाको आधारमा गरिन्छ कुनै ठाँउमा त्यो विपरित गरिएको छ भने तुरुन्तै कार्वाही गर्ने छौं । जानकारी गराउन सबैलाई अनुरोध गर्दछु । |
| ४ | कमला बिक | गाँउपालिकाबाट सुचना प्रवाह गर्दा सबैलाई म्यासेज गर्नु पर्ने किन सूचना प्रभावकारी रुपमा हुदैन ? | ओम प्रशाद देवकोटा<br>प्रमुख प्रशसकिय अधिकृत | सुचना शाखालाई प्रभवकारी बनाउने छौं । |
| ५ | किरण प्रताप सिंह | कृषकहरुको धान बालि क्षती भएको छ | ओम प्रशाद देवकोटा | धेरै कृषकहरुले लामो समय देखि रकम पाएको छैन रकम |

| | | | | |
|---|---|---|---|---|
| | वडा नम्बर ७ | यसको क्षतीपूर्ती कहिले पाईन्छ ? | प्रमुख प्रशसकिय अधिकृत | भुक्तानीका लागि पहल गर्ने छौं । |
| ६ | सुमिता थारु<br>वडा नम्बर ५ | मुक्त कमलहरी छात्रबृती कसरी वितरण हुन्छ ? शिप मुलक कार्यक्रम छ की छैन ? | शिक्षा शाखा | नियमित रुपमा छात्रबृती प्रदान भईरहेको छ । तथ्यांक अनुसार सेवा दिने काम भईरहेको छ । |
| ७ | चन्द्रमोहन घर्ती मगर<br>वडा नम्बर २ | गाँउपालिकामा सर्पको निकै बिगविगी रहेको छ सर्प दंस उपचार केन्द्रको विस्तारको के योजना रहेको छ ? | ओम प्रशाद देवकोटा<br>प्रमुख प्रशसकिय अधिकृत | वडा नम्बर ८ मा सर्पदंस उपचार केन्द्र सञ्चालनमा रहेको छ त्यसको सेवा विस्तारका लागि पहल गर्नेछौं । |
| ८ | राम कुमारी चौधरी<br>वडा नम्बर ३ | पालिकाको योजनामा बनेका बाटोहरुको अनुगमन हुन्छ की हुदैन ? | मनिषा सिंह थारु<br>उपाध्यक्ष | नियमति अनुगमन भईरहेको छ योजनाहरुको अनुगमन गर्दा प्राविधिक सहितको टोली लिएर जाने गरिएको छ । |

अनुसुची ३

## तस्विरमा सुनुवाईका केही झलकहरु :




सार्वजनिक सुनुवाईमा गाँउपालिकाले प्रदान गर्ने सेवा तथा सुविधाको बारेमा जानकारी गराउदै गाँउपालिकाका प्रमुख प्रशासकिय अधिकृत सिंहराज डांगी बाँया तथा सुनुवाईका सहभागिहरु दाँया ।





सुनुवाईमा प्रश्न गर्दै सहभागिहरु ।







………….

हेमराज भट्ट

प्रतिबेदक